CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #९६

३।११।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## नेपालमा कोरोना विरुद्धको खोपको ताजा अवस्था

कोरोना विरुद्धको खोपको लागि पहिलो प्राथमिकतामा परेको जनसंख्या

**९ लाख**

अहिले खोपको उपलब्धता

**५ लाख**

जनसंख्याको लागि

पहिलो चरणमा खोप लगाईसकिएको जनसंख्या

**करिब २ लाख**

दोस्रो चरणमा (फागुन २ देखी फागुन ८ गते सम्म) खोप लगाईने जनसंख्या

**करिब ३ लाख**

### दोस्रो चरणमा कसलाई लगाईने छ खोप ?

- जिल्ला तथा ईलाका कार्यालयमा काम गर्ने कर्मचारीहरु
- बि.ओ.पी.मा काम गर्ने प्रहरीहरु
- बैंकमा काम गर्ने कर्मचारीहरु
- पहिलो चरणमा खोप लगाउन छुटेका व्यक्तिहरु
- काठमाण्डौ बाहिरका पत्रकारहरु

स्रोत: https://cutt.ly/1kBsx4u

## नेपाल अपडेट



अपांगता भएकाहरूको घरपरिवारको घरदैलो अनुगमन गरी सरसफाईका सामान वितरण गर्दै मण्डनदेउपुर नगरपालिकाकी उपमेयर निर्मला शाही ।

तस्विर: केशवराज पौडेल

### परिक्षण

पिसिआर परिक्षण: २१,१७,०५०

पोजेटिभ: २,७२,७१८

उपचाररत: १,६०४

मृत्यु : २,०५४

सन्चो भएका : २,६९,०६०






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



सरकारले अब कोरोनाका बिरामीको उपचार नगर्ने भनेको हो ?

हैन, २०७७ साल माघ २८ देखी सरकारी अस्पतालहरुलाई मात्र कोभिड - १९ उपचार गर्ने अस्पतालका रुपमा तोकीएको छ । यस अगाडी तोकिएका मेडिकल कलेजले कोभिड - १९ उपचार गर्ने छैनन् । तर, २०७७ साल माघ २८ गते सम्म मेडिकल कलेजमा भर्ना भई उपचाररत संक्रमितको भने सोही मितिले १० दिन सम्मको सोधभर्ना सरकारले व्यहोर्ने छ ।

स्रोत: https://cutt.ly/xkBxvpW



महिला हिँसा सम्बन्धी उजुरी अनलाईनबाट पनि गर्न सकिन्छ रे ।

हो, नेपालभरी जुनसुकै ठाउँमा बसोवास गर्ने महिलाले अनलाईनबाटै उजुरी दिन सकिने व्यवस्था राष्ट्रिय महिला आयोगले गरेको छ । यसको लागि http://nwc.gov.np/complaint मा गएर आफ्नो व्यक्तिगत विवरण र हिंसाको प्रकार छनौट गरी निवेदन पेश गर्न सकिन्छ । तर, झुठो विवरण पेश गरेमा भने, कानून बमोजिम कारवाही व्यहोर्नुपर्नेछ ।

स्रोत: http://nwc.gov.np/complaint



केही व्यवसाय गर्न चाहन्छुँ तर, कोरोनाका कारण अझै थुप्रै उद्योग व्यवसाय बन्द नै छन् भन्ने सुनिन्छ ।

नेपाल सरकारले २०७७ असारमा गरेको सर्वेक्षणले देशका ४.१ प्रतिशत उद्योग व्यवसाय मात्र पूर्ण सञ्चालनमा रहेकोमा २०७७ मंसिर सम्ममा ५४ प्रतिशत उद्योग व्यवसाय पूर्ण रुपमा सञ्चालन रहेको देखिएको छ । यो तथ्यांकले पनि विस्तारै उद्योग क्षेत्रले गति लिईरहेको देख्न सकिन्छ । यसरी हेर्दा अवस्था सामान्य हुँदै गईरहेको देख्न सकिन्छ ।

स्रोत: https://cutt.ly/ZkBGtAl



हामीले त प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन निवेदन दिईसकेका थियौं । फेरी सरकारले सूचिकृत हुन भनेको छ रे । के पहिलेको निवेदन काम नलाग्ने हो ?

अहिले सरकारले सूचना जारी गरेको यस वर्षलाई नभएर, आ.व. २०७८/७९ को प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन चाहनेहरुका लागि हो । १८ वर्ष देखी ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिले अर्को आर्थिक वर्ष पनि रोजगार कार्यक्रममा सहभागी हुन चाहेमा पुन: निवेदन दिनु पर्दछ । यसका लागि सम्बन्धित वडामा गएर प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ बमोजिम तोकिएको ढाँचामा निवेदन दिनु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1YgrpZ3WUJQyaxII0tGishvHhwq-AaH2h/view

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | नेपाली | संक्रमित | नेपाली संक्रमित | मृत्यु भएका नेपाली |
|---|---|---|---|---|
| साउदी अरव | ३,३४,४५१ | ३,७२,७३२ | ५,८०० | ८८ |
| कुवेत | ७१,१९३ | १,७७,७०१ | २,३५० | १२ |
| बहराईन | २६,००० | १,१२,७४२ | ४५१ | ३ |
| कतार | ४,०६,९१७ | १,५७,२४४ | २८,२५० | १८ |
| युएई | २,२४,९०५ | ३४८,७७२ | ५,३५० | ३९ |
| ओमान | १७,०५७ | १,३७,३०६ | ३०० | १ |
| मलेसिया | ५००,००० | २६४,२६९ | २१०० | १ |
| दक्षिण कोरिया | ३८,८६२ | ८३,८६९ | २९ | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## खाडिका मुलुकहरुमा नयाँ संक्रमण बढ्दै गर्दा नयाँ नियमहरु लागु हुँदै

### यूएई

- कोभिड - १९ का नयाँ केशहरु बढ्दै गर्दा रास अल खैमामा मार्च ५ सम्मको लागि कुनै पनि ठूला ईभेन्टहरु (सभा सम्मेलन) गर्न नपाईने नियम बनाईएको छ भने, अज्मानमा पनि मार्चको अन्त्यसम्म कुनै पनि ईभेन्टहरु गर्न नपाइने भएको छ ।
- रास अल खैमाका सरकारी कार्यालयमा प्रवेश गर्न अब खोपको २ डोज लगाएकै हुनु पर्ने नियम ल्याईएको छ ।

### कुवेत

फेब्रुअरी २१, २०२१ पछी आउने हरेक यात्रुले ७ दिन होटल क्वारेन्टाईन बस्नु पर्नेछ । क्वारेन्टाईन रहेका होटलको भाडादर यसप्रकार रहेको छ:

- 3 Star- Single 130KD Double 180KD
- 4 Star- single 180KD Double 240KD
- Star- single 270KD Double 330KD

### साउदी अरब

फेब्रुअरी १४ सम्मको लागि भनेर बन्द गरिएका बिभिन्न भेला, सभा, सम्मेलन अरु २० दिन सम्मको लागि बन्द गरिएका छन् ।

www.facebook.com/shramik.sanjal बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# विदेशमा काम गर्न गाह्रो, स्वदेशमा पैसा जोगाउन गाह्रो



नवलपरासीको साविक बञ्जरिया – १, पण्डितपुरका अर्जुन चौधरी अहिले घर बनाउने मिस्त्रीको काम गर्दछन । चौधरीले स्थानीय बिद्यालयमा कक्षा ८ सम्म अध्ययन गरेपछि २०५६ सालदेखि घर बनाउने डकर्मीको काम सुरु गरे । लेवरको रुपमा यो पेशा अंगालेका अर्जुन १ वर्ष मै मिस्त्री बने ।

मिस्त्रीको काम गरेपनि पैसा बचाउन नसकेपछि ६ भाई मध्येका काइँला अर्जुनलाई घरखर्च चलाउन हम्मेहम्मे पर्न थाल्यो । घर चलाउने समस्या बढ्दै गएपछि २ वर्ष पहिला २ लाख खर्च गरेर अर्जुन वैदेशिक रोजगारीका लागि कतार पुगे । त्यहाँ रहेको स्टील कम्पनीमा काम गरेका अर्जुनले मुश्किलले महिनामा २५ हजारसम्म बचाएर घर पठाए । उनले वैदेशिक रोजगारीबाट मनग्गे कमाई होला भन्ने सोचेका थिए, तर सोचे अनुसार कमाई नभएपछि घर फर्कने योजना बनाए ।

नेपालमा लकडाउन सुरु हुनुभन्दा २ महिना पहिला उनी घर फर्किए । डकर्मीको सिप भएपनि लकडाउनको बेला काम नपाएर भौतारिनु पर्‍यो । ४ महिनासम्म श्रीमती, छोरी र छोरालाई के खुवाउने होला भन्ने चिन्ता पर्‍यो । अहिले भने उनले काम पाउन थालेका छन् । दैनिक १ हजार सम्म उनले गाउँमै कमाउने गर्दछन् ।



घरको जग बसाउने देखि घरको बुट्टा बनाउने सम्मको सिप उनिसँग छ । कमाई त राम्रै भइरहेको छ, तर खान बस्नमै ठिक्क हुन्छ । उनले देशमै बसेर कामगर्न सकिने रहेछ भनेर त बुझे, तर उनलाई बचत गर्न निक्कै गाह्रो भएको छ । उनी भन्छन्, "राम्रो आमदानी हुने ठाउँ पाए फेरी वैदेशिक रोजगारीमै फर्किन्छु । विदेशमा १ दिन काम नगरे २ दिनको कमाई काटिदिन्छ, तर कमाएको पैसा चाहि सबै बचत गर्न सकिन्छ ।"

# फ्रन्टलाईनर्स भोईसेस



## दुर्गा माया तामाङ

उपाध्यक्ष, तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक

"कोभिड १९ लाई अहिले धेरैले सामन्यरुपमा लिएको देखिन्छ । पछिल्लो समयमा कोरोनालाई मान्छेहरूले बिर्सिदै गएको जस्तो महसुस हुन थालेको छ । सुरुमा सिंगो गाउँपालिका खटिदा पनि अवस्थामा चुनौतिपूर्ण थियो । स्थानीय सरकारसँग प्रयाप्त स्रोत साधन थिएन । न कुनै तयारी थियो । अहिले सबैको प्रयासले अवस्था सामान्य भएको छ । अझै पनि सबैले सजगता अपनाउन जरुरी छ । भाईरसले कतिखेर कुन रुप लिन्छ कसैलाई थाहा छैन । "

## निशा बराल

स्वास्थ्य सहायक, मंगलटार स्वास्थ्यचौकी, काभ्रेपलाञ्चोक



"शुरुको समयमा स्वास्थ्य क्षेत्रमा खटिने व्यक्तिलाई आवश्यक सामग्रीहरु पाउन समेत मुस्किल थियो । त्यो अवस्थामा हामीले समुदायमा जसरी पनि सेवा प्रवाह गर्नुपर्छ भनेर निरन्तर खटियौं । कोरोनाको उच्च त्रास रहेको बेला गाउँपालिकाले मंगलटारमा क्वारेन्टाइन राखेको थियो । क्वारेन्टाइनमा राखिएको पहिलो चरणमै केहि व्यक्तिको कोरोना परिक्षणमा पोजिटिभ आएपछि झन समुदायमा त्रास फैलिएको थियो । हामीले सूचना सम्प्रेषणलाई प्रभावकारी बनाएर अवस्था सामान्य बनायौं । अहिले त अवस्था सामान्य अवस्थामा फर्किएको छ, तर केही व्यक्तिलाई अझै पनि गाह्रो भएको देख्छु । त्यसैले स्वास्थ्य मापदण्ड पालना गर्न सबैलाई अनुरोध गर्दछु । "



## सुरक्षा श्रेष्ठ

बेथानचोक गाउँपालिका, वडा नं ४ काभ्रेपलाञ्चोक

"सबै जसो मानिस घरमा बसिरहेको समयमा हामी स्वास्थ्यकर्मीहरु दिन रातनै कोरोना रोगका बिरुद्ध लडिरहेका थियौं । त्यही समयमा हामीलाई समुदायले नकारात्मक दृष्टिकोणले हेर्ने गर्दथ्यो । स्वास्थ्यकर्मीको नजिकै पर्नु हुदैन जस्तो व्यवहार गर्दथे । अहिले अवस्था पनि सामान्य हुँदै गएको छ । यहि समयमा नेपाल सरकारले कोरोना बिरुद्धको खोप पनि ल्याएको छ । यसले पनि सबैलाई आशा जगाएको छ । शुरुमा सबैले खोप नपाए पनि, विस्तारै मापदण्ड बमोजिम सबैले पाउनेनै छन् । "

# रेडियो कार्यक्रम पद्धती तालिका



## रेडियो कार्यक्रम पद्धती
संरचना सबैका लागि

| प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|
| सप्तकोशी एफएम | रेडियो जनकपुर | हेटौडा एफएम | अन्नपूर्ण एफएम | बुटवल एफएम | प्रदेश एफएम | दिनेश एफएम |
| हरेक मंगलबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे | हरेक मंगलबार बिहान ७:३० बजे | हरेक आइतबार बिहान ८:३० बजे | हरेक शनिबार बिहान ७:३० बजे | हरेक सोमबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे |
| पुन: प्रसारण हरेक बिहिबार बेलुका ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बिहान ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार बेलुका ७:१५ बजे | पुन: प्रसारण हरेक सोमबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार दिउँसो २:१५ बजे | पुन: प्रसारण हरेक आइतबार बेलुका ९:०० बजे |

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs